# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८६ | काठमाडौं | सोमबार, २८ माघ २०८१ | Prabhab National Daily | Monday, February 10, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


मुक्कुम्लुङ केबलकार विवाद

## अबको वार्ता गृहमन्त्रीसँग

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारी वार्ता टोली र 'नो केबलकार' पक्षले गठन गरेको वार्ता सहजीकरण समितिबीच आइतबार ४० मिनेट छलफल भयो। काठमाडौंको होटल बसेरामा भएको छलफलमा सुरुमै सरकारी वार्ता टोलीलाई वार्ता सहजीकरण समिति सदस्यहरू र आन्दोलनसँग जोडिएका दल र संस्थाका प्रतिनिधिहरूले ञ्याखञ्याख पारे। उनीहरूले सरकारी वार्ता टोली संयोजक रहेका सहसचिव प्रेमप्रसाद भट्टराईलाई सोधे- खोइ त सहमति कार्यान्वयन गर्नुभयो तपाईंले ?'

यही २२ माघमा भएको सहमतिअनुसार ताप्लेजुङको फुङ्लिङ नगरपालिका-११ को काफ्लेपाटी नजिकै निर्माणाधीन केबलकारको सवस्टेसनमा काम रोकिनुपर्थ्यो। तर, काम धमाधम जारी छ। सुरक्षाकर्मीहरूको बाग्लो उपस्थितिमा काम भइरहेको छ। यसपछि आन्दोलनरत पक्षले उनलाई सहमति कार्यान्वयन नभएको भन्दै आक्रोश पोखे।

भट्टराईले सहमति कार्यान्वयन गराउन नसकिएको स्वीकारे। 'मैले भएको सहमतिको कार्यान्वयन गर्नु भनेर जिल्लास्थित सिडिओ सा'बलाई भनेको थिएँ। तर भएन। यसमा कमजोरी भयो,' संयोजक भट्टराईको भनाइ थियो।

भट्टराईको यस्तो जवाफ सुनेपछि आन्दोलनरत पक्षबाट छलफलमा सहभागी पहिचानवादी मोर्चाका नेता खगेन्द्र माखिमले भने, 'तपाईंसँग हामी वार्ता गर्दैनौं। तपाईं सहसचिव, अनि ताप्लेजुङको सिडिओ उपसचिव। तपाईं नेतृत्वको सरकारी वार्ता टोलीले हामीसँग गरेको सम्झौता कार्यान्वयन गराउन के अप्ठ्यारो ? तपाईंसँग अब हामी छलफल पनि गर्दैनौं।'

माखिम कड्किएपछि भट्टराईले समस्याको निकास खोज्नुपर्ने र त्यसमा गम्भीर बन्न आग्रह गरे। 'अब, छलफलै गर्दैनौं भनेर त समस्याको समाधान निस्किँदैन। भन्नु त के गरौं ?,' उनले प्रश्न गरे।

क्रमशः पृष्ठ २ मा

कहाँ के कति कसलाई सहयोग गर्नुपर्छ ? त्यो भन्नुहोला। त्यसको लागि पहल हुन्छ।

■ **प्रेमप्रसाद भट्टराई**
**संयोजक, सरकारी वार्ता टोली**

सरकारी वार्ता टोली संयोजक त 'नो केबलकार पक्ष' र केबलकार निर्माणपक्ष कतै ढल्किनु त भएन नि। तर, उहाँ त केबलकार निर्माण गर्दै आएको चन्द्र ढकालको प्रतिनिधिजसरी प्रस्तुत हुनुभयो। त्यसको हामीले आलोचना गर्‍यौं।

■ **खगेन्द्र माखिम**
**नो केबलकार पक्षबाट सहभागी**

### गृहमन्त्रीसँग वार्ता आज

ताप्लेजुङको मुक्कुम्लुङमा केबलकार निर्माण खारेज गर्नुपर्ने भन्दै आन्दोलनरत पक्षसँग वार्ता गर्न गृहमन्त्री रमेश लेखक तयार भएका छन्। नेकपा एमालेका सचिव योगेश भट्टराईले आइतबार उक्त जानकारी दिएका हुन्। उनका अनुसार गृहमन्त्री लेखकले आज सोमबार साँझ ६ बजे भेटवार्ता गर्ने थय भएको छ।

'उहाँहरू (नो केबलकार पक्ष)ले माननीय गृहमन्त्रीज्यूसमक्ष भेटेर आफ्ना कुरा राख्न चाहनुभएको र त्यसको समन्वयका लागि मलाई अनुरोध गर्नुभएअनुरूप मैले गृहमन्त्रीज्यूलाई अनुरोध गरेँ,'

क्रमशः पृष्ठ २ मा

# दुईतिहाइको सरकारले ल्याएको अध्यादेश अड्काइदियो जसपाले



संख्या नपुगेकै कारण जसपाको महत्त्व बढ्यो। एक सिटको पनि कति महत्त्व रहेछ भन्ने सबैले बुझे।

■ **रामहरि खतिवडा**
**सांसद, नेपाली कांग्रेस**



हामीले अध्यादेश अड्काएका होइनौं। सरकारले आफैं कार्यसूचीबाट हटाएको हो।

■ **उपेन्द्र यादव**
**अध्यक्ष, जसपा नेपाल**



अध्यादेश 'एज इट इज' छ। अहिले गणपूरक संख्या गन्ने बेला भएको छैन।

■ **केपी शर्मा ओली**
**प्रधानमन्त्री**

■ प्रभाव संवाददाता

**काठमाडौं–** सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको गठजोडमा बनेको अहिलेको सरकार सुविधाजनक बहुमतमा छ। प्रतिनिधिसभाको २७५ सांसदमध्ये १७७ सांसदको समर्थन अहिलेको सरकारलाई छ।

यही समर्थनको बलमा हिउँदे अधिवेशन नबोलाई केपी शर्मा ओली नेतृत्वको सरकारले छ अध्यादेश ल्यायो। हालै सदनमा पेस गरेको छ अध्यादेश बिहीबार टरेपछि आइतबार दुवै सदनबाट स्वीकृतिका लागि पेस गर्ने तयारी थियो। यद्यपि प्रतिनिधिसभामा अध्यादेशको विषय अझै कार्यसूचीमा चढेको छैन।

यसको मुख्य कारण हो- तीन मत। प्रतिनिधिसभामा दुईतिहाइ मत रहेको कांग्रेस-एमाले गठबन्धनको सरकार राष्ट्रियसभामा अध्यादेश अड्कने डरले अझै कार्यसूची नबनेको हो। तीन सदस्य भएको जनता समाजवादी पार्टी (जसपा) नेपालले मानेमात्र अध्यादेश अघि बढ्ने देखिएको कांग्रेस नेता रामहरि खतिवडाले बताए। 'संख्या नपुगेकै कारण जसपाको महत्त्व बढ्यो। एक सिटको पनि कति महत्त्व रहेछ भन्ने सबैले बुझे नि बल्ल,' उनले भने।



अध्यक्षसहित ५९ जना सांसद रहेको राष्ट्रियसभामा बहुमतका लागि ३० सांसदको समर्थन चाहिन्छ। हाल राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन्। जसपा नेपालसँग तीन मत रहेको र अध्यादेशको पक्षमा जसपा उभिए ३२ जना हुने र बहुमत पुग्ने देखिन्छ।

प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको अथक प्रयासपछि पनि सदनको कार्यसूचीमा अध्यादेश आउन सकेको छैन। शुक्रबारमात्र प्रधानमन्त्री ओली र देउवाले जसपा अध्यक्ष उपेन्द्र यादवसँग छलफल गरेका थिए। यादवले मधेस प्रदेशको मुख्यमन्त्री र संघीय सरकारमा एक मन्त्री मागेसँगै यो विषय अड्किएको बताइएको छ।

यद्यपि, आफूहरूको कारण अध्यादेश अड्केको आरोपमात्र भएको यादवको दाबी रह्यो। 'हामीले अध्यादेश अड्काएका होइनौं। सरकारले आफैं कार्यसूचीबाट हटाएको छ,' आइतबार सदनबाट बाहिरिनेक्रममा अध्यक्ष यादवले भने। सरकारले कार्यसूचीमा ल्याएपछि आफूहरूको निर्णय आउने यादवको भनाइ छ।

मुख्यमन्त्री र मन्त्रीको बार्गेनिङबारे प्रश्न गर्दा यादवको जवाफ थियो, 'यस्तो फोहोरी र फटाहा कुरा कहाँबाट आयो ? हामी अहिले सरकारमा जाने अवस्थामा छैनौं, मन्त्रालय पनि मागेका छैनौं।'

प्रधानमन्त्री ओलीले अध्यादेश अहिलेको अवस्थामा जस्ताको तस्तै रहेको र अहिले नै मत गन्ने बेला भइनसकेको बताए। अध्यादेश कार्यसूचीमा जाने छाँट नदेखेपछि ओली बिहीबार सदनमै गएनन्। 'अध्यादेश एज इट इज छ।

क्रमशः पृष्ठ २ मा

### वामदेवको पनि समर्थन नपाउने डर



जसपा नेपालको बार्गेनिङसँगै वामदेव गौतमलेसमेत अध्यादेशमा समर्थन नदिने संकेत गरेका छन्। एमाले पार्टीमा ससम्मान प्रवेशको तयारीमा रहेका गौतमलाई ओलीले कुनै भाउ दिएका छैनन्। गौतम एमालेकै समर्थनमा राष्ट्रियसभा सदस्य भएकाले उनलाई सत्तापक्षको मतमा राखिएको छ। यदि उनले समर्थन नगरेको खण्डमा जसपाले समर्थन गरे पनि सत्तापक्षलाई मुस्किल पर्ने देखिन्छ।

यसले पनि अहिले कांग्रेस एमाले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर एकीकृत समाजवादीसमेत फुटाउने तयारीमा रहेको बताइन्छ। एकीकृत समाजवादीसँग राष्ट्रियसभामा आठ जना सदस्य छन्। चार सदस्यमात्र फुटाउन सके सत्तारुढ दललाई सहज हुने कांग्रेसका एक नेताले बताए।

प्रतिनिधिसभा हुँदै राष्ट्रियसभाबाट स्वीकृत भएमा सरकारलाई प्रतिस्थापन विधेयक ल्याउने बाटो खुल्ने छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार व्यवसायी संघको चुनाव सर्‍यो

## असार १७ गते निर्वाचन गर्ने निर्णय, विरोधमा व्यवसायी

■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सरेको छ। संघले यही फागुन २ गतेलाई तय गरेको ३१औं वार्षिक साधारणसभा तथा निर्वाचन आगामी असार १७ गते गर्ने गरी सार्ने निर्णय गरेको हो। संघका महासचिव मेघनाथ भुर्तेलले निर्वाचन सार्ने निर्णय भएको पुष्टि गरे।

उनले उक्त निर्णयको जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराइसकेको बताए। 'पदलोलुप भएर निर्वाचन सारिएको होइन, वर्तमान कार्यसमितिले अगाडि बढाएका केही महत्त्वपूर्ण विषयहरू टुंगोमा पुर्‍याउनुपर्ने छ। अन्तिममा पुगिसकेका ती विषय नयाँ कार्यसमितिले अगाडि बढाउन नसक्ने अवस्था देखेर निर्वाचन केही समय पर सार्ने निर्णय भएको हो,' महासचिव भुर्तेलले प्रभावसँग भने।

संघको भवन, सय संख्याको प्रावधान खारेजी, मागपत्र प्रमाणीकरण निर्देशिका, सेवा शुल्कलगायतका विषय अन्तिम चरणमा पुगेकाले वर्तमान कार्यसमितिबाटै टुंग्याउन निर्वाचन सार्नुपरेको उनको भनाइ छ।

'सय संख्याले जसरी व्यवसायीको घाँटी ङ्याक्ने काम भइरहेको छ, वर्तमान कार्यसमितिले पहिलोपटक मन्त्रिपरिषद्बाट निर्णय गराएर खारेजीका लागि संसद्मा पेस गराउन सफल भएको छ। संसद्को आउँदो अधिवेशनमा यसलाई 'क्लियर' गर्नु छ।

क्रमशः पृष्ठ ५ मा

### 'अधुरा काम टुंग्याउन निर्वाचन सार्नुपर्‍यो'



**मेघनाथ भुर्तेल**
**महासचिव**
**वैदेशिक रोजगार व्यवसायी संघ**

वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिले फागुन २ गतेका लागि निर्धारण गरिएको निर्वाचन असार १७ गतेलाई सार्ने निर्णय गरेको छ। कार्यसमितिको उक्त निर्णय जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराइएको छ। अब संघको स्थापना दिवसको दिन असार १७ गते निर्वाचन हुने छ।

निर्वाचन सार्नुको पछाडि वर्तमान कार्यसमिति पदलोलुप भएर होइन, हामी निर्वाचन गर्ने तयारीमै छौं। निर्वाचन समिति बनाएर हामीले निर्वाचनको कार्यक्रम अघि बढाइसकेका थियौं। प्रतिनिधि दर्ताको काम चलिरहेको थियो।

क्रमशः पृष्ठ ५ मा

### 'निर्वाचन तोकिएकै मितिमा हुनुपर्छ'



**भुवनसिंह गुरुङ**
**अध्यक्षका उम्मेदवार**
**लोकतान्त्रिक–गणतान्त्रिक संयुक्त प्यानल**

वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन सार्ने निर्णयमा हाम्रो सहमति छैन। अन्तिम समयमा आएर निर्वाचन सार्नु वर्तमान कार्यसमितिको हतास मानसिकता र हारको मनस्थितिबाट आएको प्रस्ट देखिन्छ। चुनावी प्रक्रियामा होमिएपछि जसरी पनि तोकिएकै मितिमा सम्पन्न गर्नुपर्छ। हारको मनस्थितिबाहेक निर्वाचन सार्नुपर्ने कुनै कारण नै छैन। होइन भने चुनावी प्रक्रियामा जाऔं।

संघमा रहेको अस्तव्यस्ततालाई सुदृढीकरण गर्ने मूल एजेण्डा लिएर म नेतृत्वका लागि अगाडि बढेको छु।

क्रमशः पृष्ठ ५ मा




प्रभाव दैनिक
National Daily

सम्पादकीय

## केजरीवालबाट सिक्नुपर्ने पाठ

भारतको नयाँ दिल्लीमा दुई चुनावमा अत्यधिक मत ल्याएर दिल्ली सरकार चलाएको आम आदमी पार्टी यसपटक दोस्रो बनेको छ। यस पार्टीका अरविन्द केजरीवाल जो दुईपटक मुख्यमन्त्री बनेका थिए, निर्वाचनमा पराजित भएका छन् । कामको राजनीति भन्दै भारतमा भारतीय जनता पार्टी र कांग्रेस आइलाई झण्डै निमिटचान्न पारेको दल मदिरा घोटाला काण्डमा मुछिएसँगै जनताको मूल्यांकनमा परेको हो ।

दिल्ली विधानसभामा ७० सिटमध्ये २०११ मा ३१ सिट, २०१५ मा ६७ सिट र २०२० मा ६२ सिट जितेको केजरीवालको दलले यसपटक २२ सिटमा मात्र जित निकाल्यो । यो नतिजासँगै अहिले नेपालका नयाँ दललाई 'प्रश्नमात्र हैन, काम गर' शैलीको सुझाव ओइरिन थालेको छ। हुन त यसअघि नै विवेकशील साझाले नेपालका दललाई आम आदमीकोभन्दा पनि नमिठो पाठ सिकाइसकेको छ । तर अगुल्टोले हानेको कुकुर बिजुली देख्दा तर्सिन्छ भन्ने नेपाली उखान चरितार्थ हुने खालको घटना हो दिल्लीको ।

राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्तिजस्ता दल नेपालमा हालै उदाएका दल हुन्। माओवादी छाडेर नयाँ दल बनाउने कसरतमा रहेका डा. बाबुराम भट्टराई कसैगरी राजनीतिमा छाउन सकेका छैनन्। तर तीन नयाँ दलले भने आफ्नो आकार बढाउने प्रयास गरिरहेका छन् ।

यी तीनै दलको प्रयास पुराना शक्तिमाथि प्रहार गर्नु हो। भ्रष्टाचार, अनियमितता र दण्डहीनतामा डुबेका पुराना दलमाथि प्रश्न गरेकै कारण रास्वपा एकैपटक चौथो दलको रूपमा उदाएको हो। मधेसमा चरम जातीय राजनीति गरेका पुराना दललाई छाडेर जनमतमा प्रवेशको लहर पनि चल्यो। यता सुदूरपश्चिममा परम्परावादी दललाई छाडेर नागरिक उन्मुक्तिलाई रोज्यो जनताले । तर नागरिक उन्मुक्तिको परिवारवादको राजनीति छताछुल्ल भइसकेको छ । हरेक सरकारमा जाने रोग जनमतलाई लागिसकेको छ ।

सहकारी प्रकरणाका कारण रास्वपा बदनाम भइसकेको छ । आफ्नो दलप्रति आलोचना रास्वपाका सांसदहरूले सहनै सकेका छैनन्। जसकारण हिजो आलोचना र प्रश्न गर्दै जन्मिएको रास्वपामाथि ती प्रश्न सोझिन थालेका छन्। राजनीति सेवा हो। तर जब मेनस्ट्रिम पोलिटिक्समा छिर्छ, कार्यकर्तामुखी राजनीतिमा लाग्छ, तब भ्रष्टाचारको चास्नीमा नेताहरू डुब्छन् । यसको मूल्यांकन जनताले अवश्य दिन्छन् नै । त्यसैले कार्यकर्ता पोस्ने हैन, देश र जनताको सेवामा काम गरौं । विवेकशील साझा र केजरीवालको हारबाट पाठ सिकौं ।

# मानसिक स्वास्थमा भोजनको प्रभाव



■ डा. अरुणा उप्रेती

> हाम्रो पेट स्वस्थ भयो भने अर्थात् स्वस्थ खाना खायौं भने मानसिक स्वास्थ्यको उपचार पनि ठूलो भूमिका खेल्छ । पेट र मस्तिष्कबीचको प्रगाढ सम्बन्ध छ । यतिसम्म कि पेटलाई त दोस्रो मस्तिष्क नै मानिएको छ । यो स्पष्ट छ कि पेटमा रहेको खर्बौं जीवाणुको स्वास्थ्य पनि हाम्रो भोजनमा नै निर्भर रहन्छ । अनि तीनै जीवाणुले र किटाणुले हाम्रो मस्तिष्क भावना उत्तार चढावमा भूमिका खेल्छ । सरकारको स्वास्थ्यको कार्यक्रममा मानसिक रोगको उपचार र मानसिक स्वास्थ्य अति कम प्राथमिकतामा पर्छ ।

४० वर्षदेखि कार्यरत वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. विश्वबन्धु शर्माको अनुभवमा मानसिकरूपमा स्वस्थ रहन हाम्रो भोजनले ठूलो भूमिका खेल्छ । डा. शर्माका विचार 'सामान्य शारीरिक स्वास्थ्यको अवस्था मानसिक स्वास्थ्यको पूर्वाधार भएकाले जस्तो खानपिनले शारीरिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ, त्यो मानसिक स्वास्थ्यका लागि पनि उपयुक्त हुन्छ भन्ने कुरा सामान्य स्थापित मान्यता हो । केही खाद्यवस्तुको विशेष भूमिका रहन्छ ।'

सूक्ष्म पोषण तत्त्वसहित रेशादार पदार्थ प्रचुर मात्रामा भएको खाना विशेषरूपले मानसिक स्वास्थ्य सवल पार्न मद्दत गर्छ । जतिसक्यो कम प्रशोधन गरिएको, शरीरमा एकैचोटी चिनीको मात्रा नबढाउने, ताजा खाद्यपदार्थले मस्तिष्क सक्रिय र प्रभावकारी बनाउन भूमिका खेल्छन् । अर्थात् विभिन्न थरिका स्वस्थ भोजनका साथै वनस्पतिजन्य भोजनले मस्तिष्कलाई क्रियाशील बनाउन सक्षम हुन्छ । त्यसैगरी विभिन्न फलफूलजस्तै सुन्तला, जुनार, अम्बा, विभिन्न प्रकारको बेरीहरू (जस्तैः काफल, ऐँसेलु, स्ट्रबेरी) फलफूलमा शरीरमा एन्टिअक्सिडेन्ट (बढौती हुने प्रक्रिया न्यूनीकरण गर्ने) तत्त्व, रेशादार हुन्छन् । यी तत्त्वहरूले मानसिक स्वास्थ्य सबल राख्न भूमिका खेल्छन् ।

त्यसैगरी तरकारीजस्तो ब्रोकाउली, काउली, मुला आदिजस्ता तरकारी पनि महत्त्वपूर्ण मानिन्छन् । गाढा हरियो पात, रंगिन तरकारी जस्तैः फर्सी, चुकन्दर, रातो बन्दा आदिमा पर्याप्त मात्रामा फाइटोकेमिकल (एक रसायन जुन मस्तिष्कका लागि उपयोगी) हुन्छ । मानसिक स्वास्थ्यमा सकरात्मक असर पार्छ । स्वस्थकर खानाको चर्चा गर्दा वैज्ञानिकले महत्त्वपूर्ण कुरा सुरुआत भएको छ । मानसिक स्वास्थ्य समस्या भएर आएका बिरामीलाई ओखर, विभिन्न बियाँ (आलस, तिल, फर्सीको बियाँ) र रंगिन दलहन र कालो दाल, रातो दाल मुगे प्रयोग गर्ने सल्लाह दिइन्छ ।

डा. शर्माको भनाइले स्पष्ट हुन्छ कि प्रायः मानसिक स्वास्थ्य सबल राख्न पनि त्यस्ता भोजनले भूमिका खेल्छन् जुन भोजनले मुटु, कलेजो, पाचन प्रणाली स्वस्थ राख्छ । विभिन्न वैज्ञानिक अनुसन्धानले सिद्ध गरेका छन् । डा. शर्माको भनाइअनुसार 'मस्तिष्कका लागि भिटामिन 'बी' १२, भिटामिन 'डी' आदि पनि महत्त्वपूर्ण छन् । भिटामिन 'बी' १२ को धेरै कमी भए बिर्सने रोगको जस्तै लक्षण देखापर्ने सम्भावना हुन्छ । 'चरुवा कुखुराको अण्डा, ताजा पानीका माछा, चरुवा जनावरको मासुको सेवन मस्तिष्क स्वस्थ राख्न उपयुक्त हुन्छ । हुन त कति स्वास्थ्यकर्मीले भिटामिन 'बी' १२ शाकाहारी भोजनमा पाइन्न भन्ने ठान्छन् । तर वनस्पतिजन्य भोजन जस्तैः चिज, पनिर, दही, मोहीले शरीरमा भिटामिन 'बी' १२ पुग्छ' भन्ने डा. शर्माको अनुभव छ । 'मष्तिस्कका कोषिकाहरू नष्ट भएपछि पुनर्जीवित हुँदैनन्, त्यसैले नष्ट हुने प्रक्रिया न्यूनीकरण गर्न सकेसम्म स्वास्थ्यका भोजनमा ध्यान दिनुपर्छ ।'

विगत केही वर्षदेखि पोषण र मानसिक स्वस्थ अनेक अनुसन्धान भइरहेको र मानसिक रोगविज्ञले मानसिकरूपमा स्वस्थ रहन व्यायाम, निद्रा, सामाजिक सक्रियातालाई पनि महत्त्वपूर्ण ठान्छन् । मानसिक समस्या भएर विभिन्न औषधि सेवन गर्दा त्यसबाट हुने 'साइडइफेक्ट' न्यूनीकरण गर्न पनि पौस्टिक भोजनको जरुरत पर्दछ । कुनै औषधिले कब्जियत गराए पर्याप्त मात्रामा सुप, पानी वा मोही पिउने र विभिन्न थरिका साग, फलफूलजस्ता रेशादार तत्त्व बढी भएका भोजनको प्रयोग गर्नुपर्छ । त्यसैगरी अनिद्राको कारणले मस्तिष्क र पाचन प्रणालीमा समस्या हुनसक्ने भएकाले यो बेलामा पनि भोजन र जीवनशैलीसम्बन्धी परामर्श दिइन्छ । सुत्ने बेला तातो दूध र बेसारको सेवन गर्ने, रातिको समयमा धेरै क्यालोरी र बोसोजन्य वस्तु आदि नखाने सल्लाह दिइन्छ । पाचन अंग आन्द्रा र आन्द्रामा भएका सूक्ष्म किटाणुले पाचन प्रणालीलाई मजबुत गराउने छ भन्ने हालै वैज्ञानिक अनुसन्धानले देखाएको छ ।

मानसिक स्वास्थ्यसँग भोजन जोडिएको छ भन्ने तथ्य त केही चिकित्सकले अगाडिदेखि भन्दै आए पनि यो कुरा आममानिसले बुझ्न अझै बाँकी छ । पेटभित्रको अंगको फरक-फरक सञ्चालन प्रक्रिया छ । आकाश गंगामा खर्बौं तारा रहेजस्तो पेटभित्र पनि खर्बौं किटाणु छन् । जीवाणु, ढुसी आदि शरीरको विभिन्न भाग (आन्द्रा) भुँडीको साथै फोक्सो आदिमा अवस्थित रहन्छन् । यिनको उपस्थितिले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यमा भूमिका खेल्न सक्नेबारे अनुसन्धान भइरहेको छ ।

आधुनिक चिकित्सा विज्ञानले भन्छ, 'धेरैजसो शारीरिक रोगको जरो पेटमा हुन्छ ।' आयुर्वेद विज्ञानले पनि पेटको समस्या परेपछि विभिन्न रोग उब्जिन्ने उल्लेख गरेको छ । अहिलेको वैज्ञानिक अनुसन्धानले सिद्ध गरेको छ कि 'पेटको स्वास्थ्यले मानसिक स्वास्थ्यमा पनि असर पर्छ । सजिलो बुझ्ने भाषामा बुझ्ने हो भने मानसिकरूपमा सबल हुन स्वस्थकर भोजन चाहिन्छ । मानसिक रोगीलाई केबल पेटको स्वास्थ्य राम्रो पारेरमात्रै उपचार गर्न सकिन्छ भन्ने होइन । मानसिक तनाव, डिप्रेसन, छारेरोग, उन्माद हुँदा औषधिको जरुरत पर्छ नै । कतिलाई त लामो समय औषधि जरुरत पर्छ । तर मानसिक रोग लागेका मानिसलाई औषधिको साथै स्वस्थ भोजनको पनि जरुरत पर्छ भन्नेचाहिँ पक्कै हो । जस्तो छारेरोग लागेको मानिसले जाँड रक्सी त छुनै हुँदैन ।

हाम्रो पेट स्वस्थ भयो भने अर्थात् स्वस्थ खाना खायौं भने मानसिक स्वास्थ्यको उपचार पनि ठूलो भूमिका खेल्छ । पेट र मस्तिष्कबीचको प्रगाढ सम्बन्ध छ । यतिसम्म कि पेटलाई त दोस्रो मस्तिष्क नै मानिएको छ । यो स्पष्ट छ कि पेटमा रहेको खर्बौं जीवाणुको स्वास्थ्य पनि हाम्रो भोजनमा नै निर्भर रहन्छ । अनि तीनै जीवाणुले र किटाणुले हाम्रो मस्तिष्क भावना उत्तार चढावमा भूमिका खेल्छ । सरकारको स्वास्थ्यको कार्यक्रममा मानसिक रोगको उपचार र मानसिक स्वास्थ्य अति कम प्राथमिकतामा पर्छ । किनभने जो यो समस्याबाट पीडित छ उसले आफूलाई भएको समस्याको बारेमा बोल्न सक्दो आवाज उठाउन सक्दैन । जसलाई यो समस्या परेको छैन, उसले मानसिक रोगीप्रति हेर्ने दृष्टिकोण सकारात्मक रहेको पाइँदैन ।

शरीर स्वस्थ रह्यो भने मन स्वस्थ रहन्छ, पेट स्वस्थ भए मन र शरीर दुवै स्वस्थ भन्ने भनाइ पनि छ । विज्ञले भन्छन्- पेटको स्वास्थ्यसँग छ सम्बन्ध अहिले विभिन्न बिर्सिने रोग, पार्किन्सको समस्याले मानसिक समस्यामा पनि भूमिका खेल्छ । सेराटोनिन नामको तत्त्व पेटमा ८० प्रतिशत उत्पन्न हुन्छ । सेराटोनिनले मानव मस्तिष्कमा प्रभाव पारेर आनन्दको अनुभूति जगाउँछ । तर मस्तिष्कमा सेराटोनिनको कमी भएपछि उदास हुने समस्या उत्पन्न हुन्छ । जुन तत्त्व पेटमा उत्पन्न भएर मस्तिष्कको कार्यलाई नियन्त्रण गर्छ । त्यसैले पेट स्वस्थ राख्न भोजन निद्रा, व्यायामको कुराले महत्त्व राख्दछ । रेशादार पदार्थ भएको भोजनको उपयोग गर्दा मनको स्वास्थ्य सबल राख्न पनि मद्दत गर्छ ।

विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार कुनै पनि समाजमा १५ प्रतिशत मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित हुन्छन् र दुई प्रतिशत मानिसमा अति कडा खालका मानसिक समस्या रहेको छ । यस अर्थमा नेपालमा पनि झण्डै ४० लाख मानिस विभिन्न किसिमका मानसिक समस्याबाट पीडित छन् र झण्डै छ लाख मानिसमा कडा किसिमको मानसिक समस्या रहेको छ । यस्ता मानसिक समस्यामध्ये सुस्त मनस्थिति, विभिन्न किसिमका लागूऔषधिहरू प्रयोग गरेर विक्षिप्त भएका मानिस, विभिन्न किसिमका सामाजिक समस्या परेर मानसिक अपराध र डिप्रेसन, प्रसवपछि मानसिक समस्या परेका आदि व्यक्ति पनि पर्छन् । अहिलेको बदलिँदो सामाजिक अवस्थाले गर्दा बढ्दै गरेका मानसिक समस्या अझ थपिएका छन् । विश्व स्वास्थ्यको तथ्यांकलाई हेर्ने हो भने संसारभरमा मानिसलाई सबभन्दा बढी अशक्त भार पर्ने १० वटा रोगमध्ये पाँच वटा त मानसिक रोग नै छ । त्यसमा पनि डिप्रेसन (मानसिक अवस्था) दोस्रो स्थानमा छ । बढ्दो मानसिक रोगको समस्याको दिगो समाधानका लागि समयमै औषधोपचार गर्नुको साथै उचित खानपानमा पनि ध्यान दिन आवश्यक छ । यसबारेमा जनस्तरमै चेतना अभिवृद्धि हर्नुपर्ने देखिन्छ । *रासस*

***(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन्)***

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाँदा ठगिनबाट कसरी जोगिने ?

वैदेशिक रोजगारी नेपालीहरूको बाध्यता बनेको छ। रोजगारीका लागि विभिन्न मुलुकमा जाने क्रममा पाइलापाइलामै ठगिने गरेका घटनाहरू प्रशस्त घटेका छन्। त्यसैले तपाईं वैदेशिक रोजगारीका लागि जाँदै हुनुहुन्छ भने ठगिनबाट जोगिन यी विषयमा ध्यान दिन जरुरी छः

आफ्नो नागरिकता, पासपोर्ट आफैं बनाउने। वैदेशिक रोजगारको डिमाण्ड बुझ्न इजाजतप्राप्त म्यानपावर कम्पनीमा सीधा सम्पर्क राख्ने । कुनै पनि एजेन्ट, सब एजेन्टहरूसँग सम्पर्क नराख्ने। प्रत्येक त्यस्ता एजेन्ट, सब एजेन्टले कमिसनमा काम गर्ने हुँदा तिनिहरूमार्फत जाँदा कामदारहरूले बढी खर्च तिर्नुपर्ने हुन्छ । रोजगारबारे विस्तृत र आधिकारिक जानकारी म्यानपावर कम्पनीकै जिम्मेवार व्यक्तिबाट लिने ।

विदेशमा कुनै आफन्त या साथी भए उनीहरूमार्फत पनि रोजगारदाता कम्पनीबारे जानकारी लिने। पत्रिकामा निस्किने विज्ञापन र त्यहाँ उल्लेखित जानकारीहरू, तलब, सर्त, सुविधा, खर्च आदिको अध्ययन गर्ने, सत्यता रूजु गर्ने । कम्पनीकै बारेमा कुनै शंका लागे खारेजीमा परेको हो होइन आफैंले सोधपुछ गर्ने ।

स्वास्थ्य परीक्षण गर्न गराउन पनि म्यानपावर कम्पनीले तोकिदिएको संस्थामा जाने, संस्था स्वीकृति प्राप्त हो, होइन, जाँच्न सकिन्छ, यसमा पनि कुनै एजेन्टको सहयोग नलिने । म्यानपावर कम्पनीले तोकेको खर्च केका लागि हो, जायज हो होइन राम्रोसँग बुझ्ने । अन्तरवार्तामा छनोट नभई, सबै कुराहरू रोजगारका सर्त, सुविधा, खर्च आदि आफूलाई चित्त नबुझी पासपोर्ट कसैलाई पनि नदिने ।

सबै कुरा चित्त बुझेर ढुक्क भएपछि मात्र म्यानपावर कम्पनीले मागेको रकम दिने, भिसा लागिसकेपछि मात्र पूरा रकम दिने र बुझाएको सबै रकमको रसिद अनिवार्य लिने । बुझाएको वास्तविक रकमभन्दा कमको रसिद स्वीकार्नु हुँदैन ।

हाल वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त भएपछि मोबाइलमै पनि एसएमएसमार्फत आफ्नो भावी रोजगार गन्तव्यबारे जानकारी लिनसकिने व्यवस्था छ, यो सुविधाको उपयोग गर्ने । एयरपोर्ट जानुअघि नै सबै आवश्यक ११ किसिमका कागजातहरू बुझ्ने, साथमै राख्ने । कुनै पनि बहानामा म्यानपावर कम्पनी या तिनका एजेन्टहरूले अधिकतम रकमभन्दा बढी मागेमा दिनुहुँदैन, दिनैपर्दा सोही रकमको रसिद लिनुपर्दछ । सोही रसिदका आधारमा वैदेशिक रोजगार विभागमा ठगीको अभियोगमा म्यानपावर कम्पनीविरूद्ध उजुरी दिन सकिन्छ ।

पाठक मञ्च

## सरकारी गाडीको दुरुपयोग, जनताको करमाथि खेलबाड

सरकारले बनाएको कानुनअनुसार सार्वजनिक बिदाका दिन सरकारी गाडी चल्न पाइँदैन। चलाउनै परेमा सम्बन्धित निकायबाट अनिवार्य रूपमा अनुमति (पास) लिनुपर्छ । सरकारी कर्मचारीलाई गाडी दिनुको कारण कार्यालय आउजाउका निम्ति हो। सरकारी तथा सार्वजनिक बिदाका दिन सरकारी कार्यालयहरू बन्द हुन्छन्।

त्यसैले, बिदाका दिन गाडी चलाउन निषेध छ । यद्यपि, कर्मचारीहरूले सरकारको कानुनकै धज्जी उडाएर सरकारी, सार्वजनिक बिदाका दिन पनि गाडी हुँइकाएको पाइन्छ । बिदाका दिन घरपरिवार घुमाउन, ससुराली जान, आफन्त घुमाउन वा ड्राइभिङ सिकाउनसमेत कर्मचारीहरू सरकारी गाडीको दुरूपयोग गर्छन् । बिदाका लागि गाडी गुडाए पनि सम्बन्धित निकायबाट अनुमति लिइएको हुँदैन ।

फेरि ट्राफिक प्रहरी पनि बिदाका दिन चलेका सरकारी गाडीलाई न रोक्छ न पास छ कि छैन ? भनेर चेकजाँच गर्छ । सरकारी गाडी जनताले तिरेको करबाट किनिएको हो । त्यो गाडी कर्मचारीलाई प्रयोग गर्नमात्र दिइएको हो। यदि गाडी दुरूपयोग भएमा जनताको करको दुरूपयोग भइरहेको स्पष्ट हुन्छ । विडम्बना, यहाँ जनताले रगतपसिना बगाएर तिरेको करको कसलाई मतलब ?

यता, कर्मचारी र जनप्रतिनिधिलाई गाडीमात्र दिएर पुग्दैन । चालक पनि दिनुपर्छ । गाडीमा इन्धन हालिदिनुपर्छ । अनि बेलाबेलामा मर्मत पनि गर्नुपर्छ । यो पनि जनताले करबाट गरिन्छ । यसरी बिदाका दिन सरकारी गाडी चलाउँदा जनतामाथि थप भार पर्छ । किनकि त्यो गाडी चलाउँदा खर्च हुने इन्धन त जनताले तिरेको करबाट पूर्ति गरिन्छ । अनि केही गरी गाडी बिग्रिएमा पनि सर्वसाधारणकै करबाट मर्मत गरिन्छ ।

जनप्रतिनिधि होस् या सरकारी कर्मचारी सबै सर्वसाधारणको कर दुरूपयोग गर्नतिरै लागिपरेका छन् । अहिले बाटोमा जताततै सिसिटिभी क्यामरा छन् । ती क्यामरा पनि सर्वसाधारणकै करबाट जोडिएका हुन्। सिसिटभी क्यामरा जडान गर्नुको कारण कहीँ कतै अपराध वा सरकारी गाडीको दुरूपयोग भएमा त्यसमार्फत निगरानी गरेर कारबाही गर्नु हो । तर, अहिले बिदाका दिनसमेत सरकारी गाडी दुरूपयोग भइरहँदा सिसिटिभी क्यामरामार्फत त्यस्ता कर्मचारीलाई कारबाही गरिएको पाइँदैन।

ट्राफिक प्रहरी आफ्ना कामप्रति जिम्मेवार भएनन्। उनीहरू न बिदाका दिन सरकारी गाडी चलाउनेलाई कारबाही गर्न सक्छन् न थोत्रा, पुराना भाडाका सवारीसाधन चलाउनेलाई । अहिले काठमाडौं उपत्यकामा वायु प्रदूषण बढ्दो छ । अध्ययनले देखाइसकेको छ कि वायु प्रदूषण बढ्नुमा थोत्रा, पुराना सवारीसाधन चलाउनु प्रमुख कारण हो । बाटोमा २० वर्ष पुगेका सार्वजनिक सवारीसाधन धुँवाको मुस्लो फचालेर गुडिरहेका छन् ।

जबकि यस्ता सवारीसाधन चलाउन कानुनमै प्रतिबन्ध लगाइएको छ । दुर्भाग्य ट्राफिक प्रहरीले कानुन कार्यान्वयनमा चासो नदिँदा वा सीमित यातायात व्यवसायीको हितमा मात्र काम गरिदिँदा यसको असर जनस्वास्थ्य र सहरमाथि परेको छ । गाडीबाट निस्किएको धुँवाका कारण आमनागरिकको स्वास्थ्यमा दीर्घकालीन रोग देखापर्न थालेको छ । बाटोमा हिँड्दा साससमेत फेर्न गाह्रो हुन्छ प्रदूषणका कारण । वनस्पतिहरू पनि मर्दै गएका छन् । प्रदूषणले सहर नै अस्तव्यस्त बनेको छ । तर, प्रदूषण गर्ने वा बढाउने वस्तुहरूलाई सम्बन्धित निकायहरू कारबाही गर्दैनन् ।

थोत्रा, पुराना भाडाका गाडी दुर्घटना बढाइरहेको छ । यातायात व्यवसायीहरू आफ्नो फाइदाका निम्ति थोत्रा गाडी चलाउँछन् । अनि आम सर्वसाधारणले चर्को भाडा तिरेर त्यस्ता गाडीमा चढेकै कारण ज्यान गुमाउनुपरेको छ। व्यवसायीहरूको फाइदाका लागि कहिलेसम्म जनताले आफ्नो ज्यान दिनुपर्ने हो, सरकार ?

राज्यको ढुकुटीमा आउने राजस्व दिनप्रति दिन घट्दै गएको छ । सरोकारवाला निकायहरू राजस्व बढाउनतिर नभई सरकारी खर्च बढाउनतिर केन्द्रित छन् । राज्यको ढुकुटी रित्तिँदै गएको छ । सरकार नै भन्छ, आम्दानीभन्दा खर्च धेरै भयो । तर, सरकारमा बस्नेहरू यो किन बुझ्दैनन् । कर्मचारीहरूमा किन दिमाग पलाउँदैन ? कर्मचारी सरकारी कामका लागि मात्र राखिएको होइन । राज्यलाई जोगाइराख्नु वा राज्यलाई क्षति हुने काम हुन नदिनु उनीहरूको कर्तव्य र दायित्व पनि हो ।

त्यसैले त कर्मचारीलाई राष्ट्रसेवक भन्ने गरिन्छ । तर, हामी कहाँ एउटै कर्मचारी पनि राष्ट्रप्रति जिम्मेवार नहुनु निकै विडम्बनापूर्ण कुरा छ । कर्मचारी र जनप्रतिनिधिहरू नै आफ्नो स्वार्थमा रमाउँदा जनताले त दुःख पाए नै सँगै राज्यसमेत संकटमा परेको छ । राजस्व नउठे पनि कर्मचारी र जनप्रतिनिधिलाई तलबभत्ता खुवाउनैपऱ्यो ।

अनि सरकार कर्मचारी र जनप्रतिनिधिलाई विदेशीसँग ऋण लिएर तलबभत्ता खुवाइरहेको छ । यिनीहरूलाई तलबभत्ता खुवाउँदा खुवाउँदै विदेशीसँग २७ खर्ब ऋण लिइसकेको छ, सरकारले। अझै कति लिने हो थाहा छैन। त्यो विदेशी ऋणको मासिक साँवाब्याज मात्र अर्बौं तिर्नुपर्छ । जति मुलुकमा राजस्वसमेत उठ्दैन । अहिले सरकार एउटा देशबाट ऋण लिएर अर्को देशको साँवाब्याज भुक्तानी र कर्मचारी, जनप्रतिनिधिलाई तलबभत्ता खुवाइरहेको छ । तर, कुनै दिन विदेशीले ऋण दिन छोडेपछि के गर्छ सरकार ?

- ***रुषा थापा***, *भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जीर्णोद्धारको पर्खाइमा पञ्चदेवल** | **दैलेखको नारायण नगरपालिका–६ भूर्तिमा रहेका ऐतिहासिक पञ्चदेवल । विश्वसम्पदामा सूचीकृत पञ्चदेवल जीर्णोद्धारको पर्खाइमा छ ।** *तस्बिर: सुरेश आचार्य/रासस*

**पृष्ठ १ बाट**

## वैदेशिक रोजगार...

नयाँ कार्यसममिति आउँदा यो विषय कहाँबाट फलो गर्ने भन्ने बाटो खोजिराख्नुपर्छ । वर्तमान कार्यसमिति हुँदा यो विषय टुंग्याउन सहज हुन्छ,' महासचिव भुर्तेलको दाबी छ ।

संघको निर्वाचन सार्ने निर्णयको व्यवसायीहरूबाट भने विरोध भएको छ । लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाललगायतले तोकिएकै समयमा निर्वाचन गर्न माग गरेका छन् । यी संस्थाले आइतबार संघमा समयमै निर्वाचन गर्न माग गर्दै निवेदन पेस गरेका थिए । तर, उक्त निवेदन नै दर्ता गर्न नमानेको एक व्यवसायीले बताए ।

कांग्रेसनिकट लोकतान्त्रिक एसोसिएसन र माओवादी केन्द्रनिकट गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट अध्यक्षका उम्मेदवार बनेका भुवनसिंह गुरुङले तोकिएकै समयमा निर्वाचन हुनुपर्ने माग गरे । उनले हारको मनस्थितिबाट अन्तिम समयमा आएर निर्वाचन सार्ने निर्णय भएकोप्रति विरोध जनाए ।

'निर्वाचन सार्ने निर्णयमा हाम्रो सहमति छैन । अन्तिम समयमा आएर निर्वाचन सार्ने निर्णय वर्तमान कार्यसमितिको हतास मानसिकता र हारको मनस्थितिबाट आएको प्रस्ट देखिन्छ । चुनावी प्रक्रियामा होमिएपछि जसरी पनि तोकिएकै मितिमा सम्पन्न गर्नुपर्छ,' गुरुङले भने ।

आफू संघमा रहेको अस्तव्यस्ततालाई सुदृढीकरण गर्ने एजेण्डा लिएर चुनावमा होमिएको उनले बताए । संघमा बेथिति निम्त्याउनेहरूबाट निर्वाचन नहुने परिस्थिति सिर्जना गरिएको उनको आरोप छ । 'एकलौटी ढंगले चुनाव सार्न खोजिएको छ । संघको वर्तमान नेतृत्वमा चरम अकर्मण्यता देखियो । व्यवसायीहरू चुनावमा होमिइसकेको अवस्थामा सार्नुको औचित्य के हो ? १५-२० दिनदेखि निर्वाचनमा लागिपर्दाको आर्थिक क्षति कसले बेहोर्ने ?,' गुरुङले प्रश्न गरे ।

सत्ता गठबन्धनमा रहेका दुई दलको नेतृत्वमा छुट्टाछुट्टै प्यानल घोषणा भएका थिए । लोकतान्त्रिक एसोसिएसनले माओवादीनिकट गणतान्त्रिक मञ्चसँग गठबन्धन गर्दा एमालेनिकट प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्चले एकीकृत समाजवादी पार्टीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनसँग गठबन्धन गरेको थियो । यसरी सत्तापक्षीय दुई दलले फरक-फरक प्रतिपक्षी दलसँग चुनावी तालमेल गरेपछि ती दलका नेतृत्वको हस्तक्षेपमा संघको निर्वाचन सारिएको जानकारहरू बताउँछन् ।

संघका महासचिव भुर्तेलले यसलाई स्वीकार गरेका छन् । उनले अप्राकृतिक गठबन्धनका कारण सरकार सञ्चालनमा नै समस्या हुने भएकोले सरकारबाट चासो हुनु स्वाभाविक भएको बताए । 'वर्तमान सरकारमा कांग्रेस-एमालेको गठबन्धन छ । अहिले संघको चुनावमा एमालेले एकीकृत समाजवादीसँग गठबन्धन गरेको छ, कांग्रेसले माओवादीसँग । यो अप्राकृतिक गठबन्धन भयो । यसले सरकारको कार्यसञ्चालनमा पनि असर पर्ने भएकोले सरकार नेतृत्वबाट चासो हुनु स्वाभाविक हो,' भुर्तेलले भने ।

लोकतान्त्रिक एसोसिएसनका उम्मेदवार गुरुङले भने राजनीतिक नेतृत्वबाट कुनै कुरा नआएको बताए । प्रगतिशीलसँग गठबन्धन गरेको एकीकृत संगठनले आइतबार नै विज्ञप्ति जारी गरेर निर्वाचन तोकिएकै समयमा गर्न माग गरेको छ ।

■■■

## अधुरा काम...

तर, वर्तमान कार्यसमितिले अगाडि बढाएका केही महत्त्वपूर्ण विषयहरू टुंगोमा पुर्‍याउनुपर्ने छ । अन्तिममा पुगिसकेका ती विषय नयाँ कार्यसमितिले अगाडि बढाउन नसक्ने अवस्था देखेर निर्वाचन केही समय पर सार्ने निर्णय भएको हो । पूर्वअध्यक्षहरू र विभिन्न संस्थाका प्रतिनिधिहरूले पनि वर्तमान कार्यसमितिको स्पिरिटलाई 'ब्रेक' गर्न हुन्न भन्ने राय प्राप्त भयो । आम व्यवसायीको हितका लागि नै हामी निर्वाचन सार्ने निर्णयमा पुगेका हौं । ज-जसले संघका मुद्दाहरूलाई नजिकबाट बुझेका छन्, उनीहरूले निर्वाचन सार्ने निर्णयलाई सकारात्मक रूपमा लिएका छन् । आम व्यवसायीले तत्कालै यो कुरा बुझ्दैनन् ।

पहिलो त संघको भवन अधुरो छ, यसलाई टुंग्याउनुपर्ने छ । अर्को महत्त्वपूर्ण कुरा सय संख्याको प्रावधानले जसरी व्यवसायीको घाँटी ङ्याक्ने काम भइरहेको छ, वर्तमान कार्यसमितिले पहिलोपटक मन्त्रिपरिषद्बाट निर्णय गराएर खारेजीका लागि संसद्मा पेस गराउन सफल भएको छ । संसद्को आउँदो अधिवेशनमा यसलाई 'क्लियर' गर्नु छ । नयाँ कार्यसममिति आउँदा यो विषय कहाँबाट फलो गर्ने भन्ने बाटो खोजिराख्नुपर्छ । वर्तमान कार्यसमिति हुँदा त्यो अलमल रहँदैन । अर्को मागपत्र प्रमाणीकरण निर्देशिका, २०८० टुंग्याउनुपर्ने छ । सेवा शुल्क, यथार्थ लागत खर्चको वर्गीकरणलगायतका कुरा टुंग्याउनु छ । यी कार्य वर्तमान कार्यसमितिबाट मात्रै सम्भव हुने अग्रजहरूको पनि ठहर छ ।

अर्कोतर्फ वर्तमान सरकारमा कांग्रेस-एमालेको गठबन्धन छ । अहिले संघको चुनावमा एमालेले एकीकृत समाजवादीसँग गठबन्धन गरेको छ, कांग्रेसले माओवादीसँग । यो अप्राकृतिक गठबन्धन भयो । यसले सरकारको कार्यसञ्चालनमा पनि असर पर्ने भएकोले सरकार नेतृत्वबाट चासो हुनु स्वाभाविक हो । यो राजनीतिक विषय भयो । चुनाव सार्नुको पछाडिचाहिँ राजनीतिक विषय छैन, आम व्यवसायीको हितको विषय जोडिएको छ ।

■■■

## निर्वाचन तोकिएकै...

व्यवसायीको हित नचाहने, वर्षौंदेखि संघमा बसेर बेथिति सिर्जना गर्ने नाइकेहरूका कारण निर्वाचन सार्ने निर्णय भएको हो । व्यवसायीको हित र वैदेशिक रोजगार क्षेत्रको अस्तव्यस्ततालाई सुदृढीकरण गर्न म दृढ भएर लड्ने छु ।

निर्वाचन सार्ने विषयमा हामीसँग एकपटक पनि छलफल गरिएन । हामीलाई जानकारीसमेत छैन । आम व्यवसायी तोकिएकै मितिमा निर्वाचन हुनुपर्छ भन्ने पक्षमा छ । संघमा आबद्ध संस्थाहरूले तोकिएकै समयमा गर्न माग गर्दै निवेदन पेस गरेकामा कार्यालय सचिवले दर्ता नै गरेनन् । एकलौटी ढंगले चुनाव सार्न खोजिएको छ । संघको वर्तमान नेतृत्वमा चरम अकर्मण्यता देखियो । व्यवसायीहरू चुनावमा होमिइसकेको अवस्थामा सार्नुको औचित्य के हो ? १५-२० दिनदेखि निर्वाचनमा लागिपर्दाको आर्थिक क्षति कसले बेहोर्ने ?


**कुवेतमा रोजगार** कम्पनी : **MOMENTITO CAFE**

पूर्व स्वीकृति मिति : २०८१/१०/२७ | LT. No. 318317 | चलानी नं. ६०२३२६२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 3 | 120 | ५४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ५ गते (17th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9813432386, 9827644060, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np


# Kotahi Devi Yuwa Pragati Samudaiyak Ban Upabhokta Samiti

**Raptisonari Rural-Municipality-02, Banke**

## Invitation for Bids

***Date Of Publication: 2081/10/28 ( Feb-10-2025)***

Kotahi Devi Yuwa Pragati Samudaiyak Ban Upabhokta Samiti, Raptisonari-02, Banke invites bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Bid Bond Amount | Estimated Amount (Including VAT) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | KOTAHI/ WORKS/NCB-01/ 2081/082 | Construction of Office Building of Kotahi Devi Yuwa Pragati Samudaiyak Ban U Samiti, Raptisonari-02, Banke. | 90 days | 75,000.00 | 3,006,531.19 | 3000.00 | |

Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/11/28 ( March-12-2025 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/11/28 ( March-12-2025 ) ; at 1:00 PM, At Kotahi Devi Yuwa Pragati Samudaiyak Ban Upabhokta Samiti Office, Raptisonari-02, Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Dhambojhi Branch,Banke , AC.Name: Kothi Devi Yuwa Pragati Samudaiyak Ban U. Samiti 0720300373997014 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Dhambojhi Branch, Account Number : 0720300373997014 |

Bidders shall submit their Bids hardcopy only. For bidding documents visit Kotahi Devi Yuwa Pragati Samudaiyak Ban U. Samiti office and for other additional information.

1. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chairperson**

# दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**दिक्तेल, खोटाङ**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/१०/२८**

यस नगरपालिकाको तपसिलको मालसामान खरिदका लागि मिति २०८१/०७/१३ गतेको कारोबार राष्ट्रिय दैनिक एवं https://www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सूचना अनुसार रितपूर्वक विद्युतीय प्रणालि (e-Bid) मार्फत दर्ता हुन आएको बोलपत्रहरु मध्ये न्यूनतम मूल्याकिंत सारभूत रूपमा प्रभावग्राही देखिन आएको देहाय अनुसारको बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रदाताको कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 01/DRMM/ NCB/G/ 2081/082 | PROCUREMENT OF SANITARY PADS [Quantity: 40000 Pkts.] | एन्जेल टच हाइजिन म्यानुफ्याक्चरिङ प्रा.लि., भैंसेपाटी, ललितपुर | रू. १७,०८,०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# Belbari Municipality

## Office of the Municipal Executive

**Belbari, Morang**

**Koshi Pradesh, Nepal**

## Invitation for Bids

***Publication Date: February 9, 2025***

Belbari Municipality, Morang invites electronic bids from eligible Nepalese bidders for the following projects under National Competitive Bidding (NCB) procedures:

1. Construction Works of Paving Block Phase 2
   - o Estimated Project Cost: NPR 14,300,916.86 (exclusive of VAT and contingencies)
   - o Pre-bid Meeting: February 28, 2025, at 12:00 hours
   - o Bid Submission Deadline: March 11, 2025, at 12:00 hours
2. Kaseni Sanihat Bazar Area Management
   - o Estimated Project Cost: NPR 3,542,705.05 (exclusive of VAT and contingencies)
   - o Pre-bid Meeting: February 28, 2025, at 12:00 hours
   - o Bid Submission Deadline: March 11, 2025, at 12:00 hours

Bidding documents can be inspected at the Belbari Municipality office or downloaded from the PPMO website: www.bolpatra.gov.np/egp.

Late submissions will not be accepted. Bids will be opened on March 11, 2025, at 14:00 hours in the presence of bidders' representatives at the Belbari Municipality office.

For more information, please contact: Belbari Municipality, Morang Koshi Pradesh, Nepal

**Chief Administrative Officer**

# खाँडाचक्र नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**website:www.khandachakramun.gov.np**

**E-mail: khandachakra.mun@gmail.com**

मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

२०७३

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/२८**

खाँडाचक्र नगरपालिका कार्यालयबाट चालु आ.व. मा यस नगरपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा बितरण हुने तपसिल उल्लेखीत सेनिटरी प्याड खरिद गर्नुपर्ने भएकाले सम्बन्धित इजाजतप्राप्त इच्छुक फर्म तथा कम्पनीबाट निम्नशर्तको अधिनमा रही रित पूर्वक सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल

| ठेक्का न | कामको विवरण | कुल ल.ई. भ्याट सहित रकम रु. | धरौटी रु. | बोलपत्र दस्तुर फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| KM/SPS/ GOOD/SQ/01/ 2081/082 | तोकिएको परिमाण र स्पेसिफिकेसन अनुसार सेनिटरी प्याड खरिद गरी कार्यालय सम्म ढुवानी गनुपर्ने कार्य) | | रु ७००००.०० | रु ३०००.०० | |

विस्तृत विवरणका लागि https://www.bolpatra.gov.np/egp हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक




## 'इन्डोर सुटिङ स्टुडियो'का लागि बोलपत्र आह्वान

चलचित्र विकास बोर्डले काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकाको वडा नं १० र १३ मा निर्माण हुन लागेको 'इनडोर सुटिङ स्टुडियो'का लागि बोलपत्र आह्वान गरेको छ । आज बोर्डले सूचना सार्वजनिक गर्दै निर्माणका लागि इच्छुक कम्पनीले आगामी ३० दिनभित्र 'इ-बिडिङ'मार्फत आवेदन दिन सक्ने जनाएको छ । बोर्डका अध्यक्ष दिनेश डिसीले धेरै वर्षदेखि देखिएको चलचित्रकर्मीको सपना छिट्टै पूरा हुने जानकारी दिए ।




सोमबार, २८ माघ २०८१ (Monday, February 10, 2025)

# चौथो 'स्पेस एण्ड डिजाइन एक्स्पो' सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं –** चौथो 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२५'को विजेता नली शाक्य र प्रमिषा लामिछाने बनेका छन् । क्याफे थिमतर्फ प्रमिषा र थेसिस थिमतर्फ नली विजेता चुनिएका हुन् । एक्स्पोमा थेसिसतर्फ सानुमाया बानिया दोस्रो र दुर्गादेवी पौडेल तेस्रो घोषित हुँदा क्याफेतर्फ जिनिषा महर्जन दोस्रो, रोशन लामिछाने तेस्रो भए ।

इन्टेरियर डिजाइनर्स एसोसियसन नेपाल ( आइडिया नेपाल ) का पुर्व अध्यक्ष सानु राजा शिल्पकार, विन्द्रा कक्श्यपति प्रधान तथा आइडिया नेपालका वर्तमान उप-अध्यक्ष उषा रायमाझी र महासचिव रामगोपाल तन्डुकार, गायक उदय सोताङ, समाजसेवी सुरबहादुर श्रेष्ठ लगायतले विजेतलाई पुरस्कार वितरण गरे ।

कार्यक्रममा दर्शकहरूको रोजईको भोट मार्फत थेसिस श्रेणीतर्फ निभाश श्रेष्ठ र क्याफे डिजाइनतर्फ प्राची ठाकुर पब्लिक चोईस अवार्ड जित्न सफल भए । 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२५'को जजमेन्टमा क्याफेतर्फ मुकेश महर्जन र रीजु महर्जन र थेसिसतर्फ रञ्जन प्रजापती र जरिना बज्राचार्य रहेका थिए ।

आईआईएफटी स्कूलअफ फेसन एण्ड इन्टेरियर डिजाइनका विद्यार्थीहरूले शनिबार थेसिस र इन्टेरियर डिजाइनका अवधारणा समेत प्रस्तुत गरे । ललितपुरको जावलाखेमा आयोजित चौथो 'स्पेस एण्ड डिजाइन एक्सपो'मा आईआईएफटीका ४६ जना विद्यार्थीले इन्टेरियर डिजाइनको महत्व उजागर उजागर समेत गरेका थिए । जसमा मानिसको जीवनशैलीमा प्रत्यक्ष प्रभाव पार्न'का साथै जनचेतना अभिवृद्धि गर्ने विश्वास गरिएको छ ।

बरिष्ठ फोटो पत्रकार हरि गोपाल प्रधानको अध्यक्ष, राष्ट्रियसभा सदस्य तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीतजंग बस्नेत प्रमुख अतिथि रहेको कार्यक्रममा विशेष अतिथिको रूपमा ललितपुर महानगरपालिका वडा-४ का अध्यक्ष सन्तोष खड्का, इन्टेरियर डिजाइनर्स एसोसिएसन अफ नेपाल (आईडिया नेपाल)का अध्यक्ष श्याम श्रेष्ठ र रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान) का अध्यक्ष संघर्ष विष्ट, फेसन डिजाइनर तथा नेपाल आदिवासी जनजाति पत्रकार महासंघकी उपाध्यक्ष सुदिना श्रेष्ठ, एडभोकेट तथा लिटिल फ्लावर पब्लिक स्कूलका अध्यक्ष लक्ष्मण महर्जन, मिस मंगोल-२०२४ की विजेता एन्जल राई, कर्पोरेट खबरका अध्यक्ष उज्वलजंग शाह, मैनाली मार्केटिङका अध्यक्ष प्रेमहरि मैनाली, नेपाली कांग्रेस ललितपुर जिल्ला कार्यसमिति सदस्य सन्तोषराज केसी, व्यवसायी उज्वलकृष्ण श्रेष्ठलगायतको कार्यक्रममा उपस्थिती रहेको थियो ।

अतिथिहरले आईआईएफटीका विद्यार्थीको सिर्जना अवलोकन गर्दै इन्टेरियर डिजाइन अहिले जीवनशैली जस्तै भइसकेको धारणा राखे ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य बस्नेतले कार्यक्रममा कुनैपनि विशेष बिषयको जनसत्ती अभाव रहेको हाम्रो देशमा स्पेस एण्ड इन्टरियल डिजाइनहरूको प्रतिस्पर्धा गराएर व्यवस्थित तथा आनन्दायी संरचना निर्माणमा यस स्कुलले महत्वपुर्ण योगदान पुर्‍याएको बताए । 'बिगतमा यस्तो अध्यायनका लागि विदेशिनु पर्ने बाध्यता थियो,' उनले अगाडि भने 'अहिले आईआईएफटी स्कुलले यस्तो पाठ्यक्रममा पढाई गराएकोले बिद्यार्थीले शुलभ र सस्तोमा अध्यायन गर्न पाएँ ।' यसले अध्यानका नाममा विदेशी पैसाको समेत रोकथाम गरेको उनले धारणा राखेका थिए ।

विद्यार्थीहरूका लागि मात्र नभई इन्टेरियर डिजाइन क्षेत्रमा संलग्न सम्पूर्ण नवप्रतिभालाई व्यावसायिक जगतसँग जोड्दै सर्वसाधारणलाई समेत यस बिषयमा जानकारी दिन स्पेस एण्ड डिजाइन एक्सपो पब्लिक प्लेसमा आयोजना गरिएको आईआईएफटीका म्यानेजिङ डाइरेक्टर फुपु तेन्जिङ शेर्पाले बताए । उनले यस्ता क्रियाकलापले विद्यार्थीहरूको सिर्जनालाई व्यावसायिकतर्फ अघि बढाउने उद्देश्य रहेको छ ।

प्रदर्शनिमा थेसिस श्रेणी र क्याफे डिजाइन श्रेणी गरि दुई श्रेणीमा बिभाजन गरि जम्मा ४६ ओटा मकप डिजाइनहरू प्रदर्शित गरिएका थिए ।

विगत लामो समयदेखि फेसन र इन्टेरियर डिजाइनको अध्यापन गराउँदै आएको आईआईएफटी ललितपुरको कुमारीपाटी, काठमाडौंको बागबजार प्लाजा र हेरिटेज प्लाजामा रहेको छ । डिजाइनिङ अध्यापनमा आईआईएफटीले नेपालमा छुट्टै पहिचान बनाएको छ । नेपालकै एक नम्बर फेसन तथा इन्टेरियर डिजाइन एकेडेमीका रूपमा स्थापित आईआईएफटीले सयौं फेसन डिजाइनरहरू उत्पादन गरिसकेको छ ।

# गीतकार गिरीको 'सुनगाभा' गीत-गजल संग्रह सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा कवि, गीतकार एवं पत्रकार सनत गिरी 'गाउँले' द्वारा लिखित गित गजल संग्रह 'सुनगाभा'को विमोचन गरिएको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव धनप्रसाद सुवेदीले हालै विमोचन गरेका थिए ।

साथै सोही कार्यक्रमबीच विभिन्न व्यक्तित्वहरूलाई राष्ट्रिय यात्रा सम्मान प्रदान गरिएको थियो । राष्ट्रिय यात्रा साप्ताहिकद्वारा आयोजित कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव धनप्रसाद सुवेदीले विभिन्न व्यक्तित्वहरूलाई सम्मानपत्र प्रदान गरेका थिए ।

सम्मानित हुनेहरूमा वरिष्ठ अधिवक्ता चन्द्र काफ्ले, राप्रपा नेपालका सहायक महामन्त्री डम्बरप्रसाद शिवाकोटी, नेपाली काग्रेस काठमाडौं क्षेत्र नं. १० (ख) का सभापति धर्मनन्द श्रेष्ठ, राप्रपाका युवा नेता तथा अधिवक्ता गणेश गिरी, राष्ट्रवाणी साप्ताहिकका सम्पादक ताराचन्द्र देवकोटा, सहकारी विज्ञ डा. देशमर्दन वस्न्यात, तारकेश्वर नगरपालिकाका पूर्व वडा अध्यक्ष तथा समाजसेवी मनोहरी तिवारी रहेका छन् ।

सम्मानित हुने अन्य व्यक्तित्वहरूमा सुदामा साप्ताहिकका सम्पादक गोपाल आचार्य, दिव्यदर्शन साप्ताहिकका सम्पादक शुशिल तिवारी, रहस्य साप्ताहिकका सम्पादक मुक्ति वास्तोला, छहरा साप्ताहिकका सम्पादक गोपाल छाङ्छा राई, नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका उपाध्यक्ष कमल राना, वरिष्ठ संगितकार तथा गायक भोजराज प्रसाई, चलचित्र निर्माण नियन्त्रक नारायण चालिसे, वेस्ट पइट सकेण्डरी स्कुलकी प्रधानाध्यापक अन्जु दिक्षित, राप्रपाका केन्द्रीय सदस्य उदय पोखरेल, चन्द्रागिरी नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष दुर्गालाल महर्जन, चन्द्रागिरी नगरपालिका वडा ७ का वडा अध्यक्ष शम्भु केसी, अनुसन्धानकर्ता तीर्थराज गिरी स्ट्याण्डर्ड कोइड स्कूलका प्रधानाध्यापक मोहन श्रेष्ठ रहेका थिए ।

राष्ट्रिय यात्रा साप्ताहिकका प्रधान सम्पादक/प्रकाशक सनत गिरीको सभापतित्वमा भएको यस कार्यक्रमको भेषराज पाण्डेले सहजिकरण गरेका थिए ।

**पुवा खोला–वान हाइड्रोपावर लिमिटेड**
रजिष्टर्ड कार्यालय, अनामनगर-२९ काठमाण्डौ । सम्पर्क नं.: ०१-४१०२७१०

**विशेष साधारण सभा सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति २०८१/१०/१५

यस पुवा खोला-वान हाइड्रोपावर लिमिटेड कम्पनीको मिति २०८१/१०/१० गते बसेको संचालक समितिको बैठकबाट कम्पनिको विशेष साधारण सभामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपसिल बमोजिमका विषय प्रस्तावहरु उपर छलफल गर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ।
सभा हुने मिति, समय र स्थानः
मिति : २०८१।१०।३० गते
समय : बिहान ११:०० बजे
स्थान : अनामनगर-२९, काठमाडौं, कम्पनीको रजिष्टर्ड कार्यालय
छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची तथा प्रस्तावहरुः
क) विशेष प्रस्तावहरुः
१. कम्पनीको अधिकृत पूँजी र जारी पूँजी वृद्धि गर्न प्रवन्ध पत्रमा संशोधन गर्ने सम्बन्धमा।
२. आयोजनामा थप लगानी गर्ने सम्बन्धमा।
३. कम्पनीमा रहेको जगेडा शेयर विक्री सम्बन्धमा।
ख) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

अन्य जानकारी:अन्य जानकारीको लागि कम्पनीको सम्पर्क नं ०१-४१०२७१० मा सम्पर्क गर्नुहुन पनि अनुरोध गरिन्छ।

## रंगशाला

## आहा ! पोखरा गोल्डकप

# थ्रीस्टार सेमिफाइनलमा




■ प्रभाव संवाददाता

**कास्की–** थ्रीस्टार फुटबल क्लब पोखरामा जारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

पोखरा रङ्गशालामा आइतबार भएको क्वाटरफाइनलको दोस्रो खेलमा टाइब्रेकरमा थ्रीस्टार मछिन्द्र फुटबल क्लबलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । खेलको नियमित तथा थप गरिएको समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको थियो । पेनाल्टीमा थ्रीस्टारले ४-२ गोलले जित निकाल्यो ।

पेनाल्टीमा मछिन्द्रका विशाल घलानको प्रहार बारमा लागेर गोल हुन सकेन । थ्रीस्टारका गोलकिपर सरिनले मछिन्द्रका आदित्य शाक्यको प्रहार रोक्न सफल भएपछि थ्रीस्टारले अन्तिम चारको यात्रा तय गरेको हो । मछिन्द्रका सनिश श्रेष्ठ र दिवाकर चौधरीको प्रहारले भने गोलको दिशा लिएको थियो ।

थ्रीस्टारका लागि दिपेश घले, फोडे फोफाना, विराज महर्जन र लक्ष्मण रुचालले गोल गरे । प्रतियोगितामा मछिन्द्रले विभागीय टोली एपिएफ क्लबलाई पजित गरी क्वाटरफाइनलको यात्रा तय गरेको थियो । थ्रीस्टारले भने सिधैँ क्वाटरफाइनल खेलेको हो ।

प्रतियोगिताअन्तर्गत सोमबार चर्च ब्वाइज र विभागिय टोली नेपाल आर्मी क्लबका बीच खेल हुने आयोजक सहारा क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिए । यही फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद रु १२ लाख, उपविजेताले रु छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउनेछन् ।

यसैगरी प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई स्कुटर प्रदान गरिने छ । प्रतियोगितामा विधागत रूपमा सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही रु २५ हजार नगदसँगै ट्रफी पाउने छन् ।

# अर्जुन ट्रफी: अत्तरिया फाइनलमा

**बैतडी (प्रस)–** धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेटमा सिवाइसी अत्तरिया फाइनलमा प्रवेश गरेको छ । आइतबार भएको सेमिफाइनलमा खेलमा डिसिए धनगढीलाई छ विकेटले हराउँदै अत्तरिया फाइनलमा पुगेको हो ।

जितका लागि एक सय नौ रनको सामान्य लक्ष्य पाएको अत्तरियाले १८ ओभरमा चार विकेट क्षतिमा पूरा गर्‍यो । अत्तरियाका शंकर रानाले अर्धशतकीय पारी खेल्दै ५६ रनमा अविजित रहे । दिपेश कँडेलले २४, भीम सार्कीले १६ र विवेक यादव १२ रनमा नटआउट रहे । धनगढीका हिक्मत महराले दुई, ललित राजवंशी र भोजराज भट्टले एक/एक विकेट हात पारे । यसअघि फाप्ला क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको धनगढीले २० ओभरमा अलआउट हुँदै एक सय आठ रन बनायो ।

धनगढीका मिलन बोहराले २८, अभिषेक पालले २७, दीपेन्द्रसिंह ऐरीले १५, राहुल भण्डारीले १३, लोकेश बमले ११ रन बनाएका थिए ।

**Kalika Municipality**
**Office of Municipal Executive**
**Redcrossgram, Chitwan**
**Bagmati Province**

**RE-INVITATION FOR SEALED QUOTATION BIDS**

**Contract Identification No: 04/Goods/SQ/KM/081/082**
**First date of publication: - 2081/09/28 (12th January, 2025)**
**Second date of publication: - 2081/10/28 (10th February, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 04/Goods/SQ/KM/081/082 | Supply and Delivery of Vet. Medicine and Veterinary Feed Supplement Items | 75 days from the day of bid opening (Upto 2082-01-28 B.S, 11th May, 2025 A.D) | 41,000/- | 1,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Bids Submission Date: Before 12 PM on 2081-11- 13 (25th February, 2025)**
**Bids Opening Date: At 13:00 PM on 2081-11- 13 (25th February, 2025)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# गाजाबाट मुक्त भएका थाई बन्धक बैंकक आइपुगे

**बैंकक-** गाजामा एक वर्षभन्दा बढी समयदेखि बन्धक बनाइएका थाई कृषि मजदुरका परिवार आइतबार बैंकक आइपुगेका छन् । सन् २०२३ को अक्टोबर ७ मा प्यालेस्टिनी इस्लामिक सशस्त्र लडाकु (हमास) समूहले इजरायलमा गरेको आक्रमण बनाइएका वाचारा श्रीऔन, पोङसाक तन्ना, साथियान सुवान्नाखाम, सुरसाक लामनौ र बन्नावत सेथाओ आइतबार बिहान ७:३० बजे बैंकक आइपुगेका हुन् ।

स्वदेश फर्किएसँगै आफ्ना प्रियजनलाई अँगालो हाल्दै उनीहरू भावविह्वल बनेका थिए । उनीहरू परिवारसँगको पुनर्मिलनपछि खुसीमा रोएका देखिन्थे । गाजा युद्ध अन्त्य गर्ने उद्देश्यले भएको युद्धविराम सम्झौताअन्तर्गत जनवरी ३० मा रिहा भएपछि बैंककको सुवर्णभूमि विमानस्थलको आगमन कक्षमा प्रवेश गर्दा पाँचै जना थाई नागरिक मुसुक्क हाँसेका थिए ।

बन्धकमध्ये एकका पिता सोम्बोन सेथाओले छोरोको रिहाइबाट आफू निकै खुसी भएको र आफ्नो परिवारले आफ्नो छोरा बन्नावतलाई थाइल्याण्डमा परम्परागत समारोहका साथ स्वागत गर्ने बताए । सोम्बोनले के छोरालाई फेरि विदेश पठाउनुहुन्छ भन्ने प्रश्नमा एएफपीसँग भने, 'उनी अब फेरि घरबाट टाढा नजाउन् भन्ने म चाहन्छु ।'

उनका अनुसार आफ्नो छोरा अपहरण हुनुभन्दा नौ महिनाअघि परिवारका लागि राम्रो आम्दानीको खोजीमा इजरायल गएका थिए । सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गर्दा ३१ जना थाई नागरिकको अपहरण गरिएको थियो, जसमध्ये २३ जनालाई सोही वर्षको अन्त्यसम्ममा रिहा गरिएको थियो भने मे महिनामा दुई जनाको मृत्यु भएको पुष्टि भएको थियो ।

एक जना थाई नागरिक अझै पनि गाजामा जीवित रहेको विश्वास गरिन्छ । गत महिना दक्षिणी गाजाको खान युनिसमा बन्धक बनाइएका पाँच जनालाई सुपुर्दगी गर्दा इस्लामिक जिहाद र हमासका लडाकुहरूले सयौं दर्शकलाई रोक्न संघर्ष गरिरहेको अराजक दृश्यहरू देखा परेका थिए । *रासस/एएफपी*

# आकस्मिक अरब शिखर सम्मेलन गरिने

